बैठक संख्या -५३

आज मिति २०७८।१२।१० गतेको दिन यस उत्तरगया गाउँपालिका कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्सालज्यूको अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मतीबाट पारित गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री उपेन्द्र लम्साल | अध्यक्ष | |
| श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| श्री बम बहादुर तामाङ | वडा अध्यक्ष | |
| श्री खुवाबहादुर गुरुङ | वडा अध्यक्ष | |
| श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| श्री केशर बहादुर बुलुन | वडा अध्यक्ष | |
| श्री इश्वर थापा | वडा अध्यक्ष | |
| श्री शान्तागलान | सदस्य | |
| श्री कृष्ण कुमारी नेपाली | सदस्य | |
| श्री सिता भट्ट | सदस्य | |
| श्री बिन्दा रैला | सदस्य | |
| श्री ज्ञानु विक | सदस्य | |
| श्री तिर्थ बहादुर घले | सदस्य | |
| श्री बलदेव न्यौपाने | सदस्य सचिव(नि.प्र.प्र.अ) | |

**प्रस्तावहरु**

१. गरिब घर परिवारको अन्तिम सूची पठाउने सम्बन्धमा ।

२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (लिसा) सम्बन्धमा ।

३. कार्यविधि संशोधन सम्बन्धमा ।

४. पोषण युक्त वडा घोषणा सम्बन्धमा ।

५. गाउँ शिक्षा विकास योजना स्वीकृत सम्बन्धमा ।

६. नीलकण्ठ मा. वि को नमूना विद्यालय गुरु योजना र डि.पि.आर. स्वीकृत गरि ई-बिडिङ सम्बन्धमा ।

७. स्वास्थ्य शिविरको खर्च सम्बन्धमा ।

८. शशर्त तर्फ कार्यक्रम समावेश तथा रकमान्तर सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यस गाउँपालिकाको गरिब परिवारको प्रारम्भिक सूची पठाएकोमा २०७८ माघ १६ गते उजुरी गर्ने सम्बन्धमा सूचना प्रकाशित गरिएकोमा तोकिएको अवधिमा यस गाउँपालिका कार्यालय र सम्पूर्ण वडा कार्यालयमा कुनै उजुरी नपरेको भनि गुनासो सुनावाई समितिले पेश गरेको निर्णयलाई सदर गरि गरि घर परिवारको प्रारम्भिक सूचीमा रहेका २५२ परिवारको विवरण भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलमा पठाउने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (लिसा) सम्बन्धमा आ.व. २०७७०७८ को लागि यस गाउँपालिकाको मूल्यांकन सम्बन्धमा गाउँपालिकाले पेश गरेको र जि.स.स ले पृष्ठपोषण गरि प्राप्त भएको ६१.५ (एकसठ्ठी दशमलव पाँच) अंक स्वीकृत गरि अन्तिम नतिजा सार्वजनिक गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस उत्तरगया गाउँपालिकाका तपसिलका कार्यविधि संशोधन गर्ने निर्णय गरियो

(क) होमस्टे सञ्चालन कार्यविधि, २०७७ मा

| पहिला भएको व्यवस्था | हाल गर्नुपर्ने व्यवस्था |
|---|---|
| दफा १२ को उपदफा (१) (ग) मा ग) मु.अ.कर दर्ताको प्रमाण-पत्रको प्रतिलिपि<br><br>घ) | प्यान दर्ता प्रमाणपत्र |
| दफा १२ को उपदफा (१) (घ) मा कम्तीमा २ | कम्तीमा १ वर्षको अनुभव भएको प्रमाण-पत्रको |

| | |
|---|---|
| वर्षको अनुभव भएको प्रमाण-पत्रको प्रतिलिपि | प्रतिलिपि |

(ख) कृषि विकास शाखा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७ अनुसूची २ र बुदा नं ५

| पहिला भएको व्यवस्था | हाल गर्नुपर्ने व्यवस्था |
|---|---|
| अनुसूची २ को बुदा नं. ५ मा घरेलुमा दर्ता गरेको प्रमाणपत्र | घरेलु वा गाउँपालिकामा दर्ता भएको फर्म दर्ता प्रमाणपत्र |

(ग) पशु सेवा शाखा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७ अनुसूची २ र बुदा नं ४

| पहिला भएको व्यवस्था | हाल गर्नुपर्ने व्यवस्था |
|---|---|
| अनुसूची २ को बुदा नं. ४ मा घरेलुमा दर्ता गरेको प्रमाणपत्र | घरेलु वा गाउँपालिकामा दर्ता भएको फर्म दर्ता प्रमाणपत्र |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा संघिय सर्शत अनुदान अन्तर्गत पोषण विशेष कार्यक्रममा स्विकृत कार्यक्रम अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको मार्ग दर्शन, २०७८ अनुसार उत्तरगया गाउँपालिका वडा नं. ३ लाई पोषण युक्त वडा घोषणा गर्नलाई सो सम्बन्धी क्रियकलाप सञ्चालन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस उत्तरगया गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको स्वीकृत कार्यकम अनुसार गाउँपालिकाको ५ वर्षको लागि शैक्षिक नीति र लक्ष्य पूरागर्न साथै शैक्षिक गुणस्तर विकास गर्न तयार गरिएको गाउँ शिक्षा विकास योजना - आ.व २०७८।०७९ -०८२। ०८२ लाई छलफल र अध्ययन साथ कार्यान्वयन गर्ने गरी यस बैठकद्वारा स्वीकृत गर्ने निर्णय पारित गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा यस उत्तरगया गाउँपालिका अन्तरगत संचालित श्री नीलकण्ठ माध्यमिक विद्यालय शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट आ. व २०७६।०७७ मा १०० विद्यालय भित्र छनौट भएकाले उक्त विद्यालयले विद्यालय विकासको लागि विभिन्न सरोकारवालाहरुसंग छलफल गरेर विद्यालय विकास गुरुयोजना र भौतिक विकासका लागि स्टमेट तथा कष्टिङ र ड्रोईङ डिजाइन सहितको डि.पि. आर तयार गरी स्वीकृतीको लागि सम्पूर्ण कागजात सहित गाउँ कार्यपालिकामा पेश गर्न पर्ने प्रावधान अनुसार पेश हुन आएकाले पेश गरिएको विद्यालय विकास गुरुयोजना योजना र डि.पि. आर माथि छलफल र अध्ययन गरेर कार्यान्वयन गर्ने गरी यस बैठकद्वारा स्वीकृत गर्ने र विद्यालयलाइ रकम निकाशाको व्यवस्था मिलाउने निर्णय पारित गरियो । साथै इ–विडिङ गरी कार्य अगाडी बढाउन विद्यालयसंग त्यस्तो प्राविधिक पहुँच नभएकाले गाउँपालिकाले नै यस आ.व को उक्त कार्य यथासक्य छिटो शुरु गरी कार्यान्वयन गर्ने गराउने र अनुगमन र प्रगतिको आधारमा गाउँपालिकाको सिफारिसमा भुक्तानीको गराउने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा उत्तरगया गाउँपालिका वडा नं. ३ ठुलोगाउँमा स्वास्थ्य शिविर सञ्चालन गर्दा चिकित्सक तथा स्वास्थ्य कर्मिको खाना, खाजा तथा बास खर्च तथा शिविरको दिन खर्च भएको जम्मा रु. ७०,०००।– (अक्षेरुपी सत्तरी हजार मात्र) रकम भुक्तानी गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.ब २०७८।०७९ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रमहरु LMBIS मा थप भई आएको हुँदा उक्त कार्यक्रमहरु बार्षिक कार्यक्रममा समावेश गर्ने तथा स्वास्थ्य शाखालाई अत्यावश्यक पर्ने औषधी खरिद गर्न बजेट अपुग हुने हुँदा पारिश्रमिक कर्मचारी (बजेट उपशीर्षक ८०३२८५०११०४) बाट रु.१८,००,०००।- (अक्षेरुपी अठार लाख रुपैयाँ मात्र) घटाएर अत्यावश्यक औषधि खरिद तथा ढुवानी (बजेट उपशिर्षक ८०३२८५०११११) मा रकमान्तर गर्ने साथै बर्षातको समय र स्थानीय तहको निर्वाचन नजिकिएको अवस्थामा बोलपत्र प्रकृया मार्फत् खरिद गर्न समयको अभाव र बढ्दो कार्यचापका कारण अत्यावश्यक औषधी अभाव भई स्वास्थ्य संस्थाहरुमा सेवा प्रवाहमा समस्या पर्न जानेहुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) बमोजिम याथसिघ्र अत्यावश्यक औषधि खरिद गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।